लेखापरीक्षण प्रतिवेदन

शिवपुरी गाउँपालिका, नुवाकोट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

शिवपुरी गाउँपालिका, नुवाकोट

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/693

श्रीमान् अध्यक्ष ज्यू,

शिवपुरी गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, नुवाकोट।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/693

श्रीमान् अध्यक्षज्यू,

शिवपुरीगाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, नुवाकोट।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको रायः

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. गाँउपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब ३२ करोड २५ लाख ८४ हजारको लेखापरीक्षणबाट रु. ३९ लाख ७९ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु. २३ लाख ६३ हजार सम्परीक्षण भई प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ लाख ५२ हजार र नियमित गर्नुपर्ने रु. १४ लाख ६४ हजार गरी जम्मा रु. १६ लाख १६ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु. ९ करोड २६ लाख २ हजार मध्ये रु. १ लाख ७ हजार सम्परीक्षण भई यसवर्षको थप रु. १६ लाख १६ हजार समेत हालसम्म अद्यावधिक बेरुजु रु. ९ करोड ४१ लाख ११ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिकाअध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४७	७	३९,७९,३३८	०	२	२३,६३,१८९	०	४७	५	१६,१६,१४९	०	१४,६३,५८४	१,५२,५६५	०	०	१६,१६,१४९	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
नुवाकोट	९२६०२०००	0	१,०७,०९९	९२४९४९०१	0	१६,१६,१४९	९४१११०५०

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८१/८२	३२	वितरण भरपाइ	१,००,०००
२	२०८१/८२	२२.२	मेडिकल उपकरण खरिद	२२,६३,१८९
३	२०८०/८१	४७	च्याउ पकेट विकास कार्यक्रमको निरन्तरता	१,०७,०९९
जम्मा				२४,७०,२८८

शिवपुरी गाउँपालिका, नुवाकोट

(८०३२९५०९३००)

शिवपुरी गाउँपालिका , नुवाकोट

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, ४२गाउसभा सदस्य १०१.५वर्ग किलोमिटर क्षेत्रफल तथा २०,७६९ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१ देखि २०८२। ५।५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु. १ अर्व ३२ करोड २५ लाख ८४ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १२१३२१ ।०० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	राजश्व दाखिला वडा नं १	९७४०
२	राजश्व दाखिला वडा नं २	११००
3	सामाजिक सुरक्षा वेरुजु दाखिला	११०४८१

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय विवरण परीक्षण

२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	**विवरण**	रकम	रकम
सुरु मौज्दात		४८९४४१३१।९	**चालु खर्च**		३४६८३४०७९
१.संचितकोष	३३०३५३०४।४		१. पालिका तर्फ	११९४२८४१५	
२.धरौटी	११२९४८४३।३८		२. संघीय सशर्त	२१२२१७७२२	
क विविध खर्च खाता	२९४७०७२।१४		३. प्रदेश सशर्त	१५१८७९४१।५	
ख प्रकोप तथा विपद व्यवस्थापन कोष	१६६६९१२				
			पुँजीगत खर्च		१२९६८५२५०
			१. पालिका तर्फ	८१९८६८०१।५	
यस वर्षको आय		१४९९२२८२।१	२. संघीय सशर्त	७१४०२६५	
१.आन्तरिक आय	१४४२२२८२।१		३. संघीय विशेष	४६९४८२४	
२.स्थानिय दहत्तर बहत्तर	५७००००		५. प्रदेश सशर्त	१०६२९००८	
३. वित्तीय हस्तान्तरण (संघ)		४१३३२२६९५।२	६. प्रदेश विशेष	५०७४५६२	
क) समानीकरण अनुदान	७७९०४२४०		**६. प्रदेश समपुरक**	२०१५९७८९।५	
ख) राजस्व बाँडफाँट	७४४७९२७५।५१				
ग) सशर्त अनुदान	२५११९८३५००				
ङ) विशेष अनुदान	६४३३३०१		**अन्तर सरकारी अख्तियारी (संघ)**		१२३२०७१५१
ङ) वन रोयल्टी	२५२२३७८।६७		क) सामाजिक सुरक्षा	११८२७५०७०	
छ) अन्य			ख) पर्यटन पुर्वाधार आयोजना	३७१७०८१	
४. वित्तीय हस्तान्तरण (प्रदेश)		९५४२७८३८।३१	ग)स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	१२१५०००	
क) समानीकरण अनुदान	७८५९०००				
ख) राजस्व बाँडफाँट	२०२०३८३८।३१		**धरौटी फिर्ता तथा सदर स्याहा**		३९८२४२५
ग) सशर्त अनुदान	३२३६५०००		**कार्यसञ्चालन कोषबाट भएको खर्च**		७४७७१४७

घ) समपुरक अनुदान	२७००००००		क विविध खर्च खाता	५८२५०५६	
ङ) विशेष अनुदान	८००००००		ख प्रकोप तथा विपद व्यवस्थापन कोष	१६५२०९१	
			अनुदान फिर्ता		५०६७७६८८।९
६.अन्तर सरकारी अख्तियारी (संघ)		१२३२०७१५१	१. संघ तर्फ		
क) सामाजिक सुरक्षा	११८२७५०७०		क) सशर्त अनुदान	३२६२५५१२।९	
ख)पर्यटन पुर्वाधार आयोजना	३७१७०८१		ख) विशेष अनुदान	१७३८४७७	
ग)स्वास्थ्यक्षेत्र सुधार कार्यक्रम	१२१५०००		२. प्रदेश तर्फ		
७. धरौटी आय		५१६४३२२	क) सशर्त अनुदान	६५४८०५०।४६	
क विविध खर्च खाता		७४८५७९३।५३	ख) विशेष अनुदान	२९२५४३८	
ख प्रकोप तथा विपद व्यवस्थापन कोष		११२००००	ग) समपुरक अनुदान	६८४०२१०।५	
			अन्तिम मौज्दात		४७८००४७३।०८
			१. संचित कोषको मौज्दात	२९५८११०२।५३	
			२. धरौटी	१२४७६७३९।८८	
			३. कार्यसञ्चालनकोष		
			क विविध खर्च खाता	४६०७८०९।६७	
			ख प्रकोप तथा विपद व्यवस्थापन कोष	११३४८	
जम्मा		७०९६६४२१४	**जम्मा**		७०९६६४२१४

(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११८२७५०७० स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु १२१५००० रु पर्यटन पुर्वाधार विकास आयोजना रु ३७१७०८१ गरी रु १२३२०७१५१ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार

भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको शुरु मौज्दातमा ३१०४४३।०२ प्राप्ति रु. १८७६५४९५४।८८यस वर्षको भुक्तानी रु १८५३४४४११।८३.र फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गत आ.व.को नगद तथा बैंक मौज्दात	यसवर्षको कुल जम्मा प्राप्ति	यसवर्षको कुल जम्मा भुक्तानी	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात
सुत्र अनुसारको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) (म.ले.प.फा.नं.२७०)	४९२५४५७४।९२	४७३०६५१२६।७२	४७६५१९३२८।५९	२०००१००.०३	४७८००४७३।०८
एकीकृत आर्थिक विवरणअनुसार	**४८९४४१३१.९**	६६०७२००८१।६०	६६१८६३७४०।४२	०	**४७८००४७३.०८**
फरक	३१०४४३।०२	१८७६५४९५४।८८	१८५३४४४११।८३	२०००१००.०३	०

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेकोले वर्षान्तमा सञ्चित कोषमा भन्दा बैङ्क मौज्दात रु २५६०२५, विविध खर्च खातामा रु ५३२० वढी देखिएकोले एकिन गरी आम्दानी बाध्नुपर्ने र धरौटी खातामा श्रेष्तामा भन्दा बैँकमा रु १५२५६५ घटी मौज्दात देखिएकोले थप एकिन गरी हिसाव मिलान गर्नुपर्ने रु

खाता	स्रेस्ताअनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.
संचित कोष	२९५८११०२.५३	२९८३७१२७।५३
स्थानीय तह धरौटी खाता	१२४७६७३९.८८	१२३२४१७४।८८
प्रकोष ब्यबस्थापन	११३४८२१.	११३४८२१.००
विविध खर्च खाता	४६०७८०९.६७	४६१३१२९.६७

प्रमाण पेश नगरेको	१,५२,५६५

२.५ **खर्च बिश्लेषण**-पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु १४४२२२८२।१० राजस्व बाँडफाँड र अनुदानबाट रु ५०९३२०५३३।५१ समेत रु ५२३७४२८१५।६१ आम्दानी भएकोमा चालु तर्फ रु ३४६८३४०७८।६०र पूँजिगत तर्फ रु १२९६८५२५०। समेत रु ४७६५१९३२८।६०.खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.०२ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु ५९७६००० खर्च भएको छ जुन आन्तरिक आयको ४१.४३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट चालुखर्च ६६.२२ प्रतिशत र २४.७६ प्रतिशत पूँजिगत निर्माणमा खर्च .भएको देखिन्छ । यसबाट पालिकाले

विकास निर्माणमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ ।आन्तरिक आयको श्रोत खोजि प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

३ बजेट तथा कार्यक्रम

३.१ **बजेट सीमा निर्धारण र तर्जुमा समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु वैशाख महिनाको १० गतेभित्र सम्पन्न गरिसक्नुपर्ने र प्रमुख प्रशासकिय अधिकृतले आगामी आर्थिक वर्षको बजेट सीमा वैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले वजेट सिमा निर्धारण समिति तथा वजेट तर्जुमा समितिको वैठक २०८० फाल्गुणमा भएपनि प्रमुख प्रशासकीय अधिकृतबाट महाशाखा तथा वडालाई सोको जानकारी दिएको अभिलेख राखेको पाइएन । ऐनमा व्यवस्था भएअनुसार वमोजिम तोकीएको समय जानकरी दिइ यथार्थ वजेट निर्माणमा पालिकाको सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

३.२ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु ५६ करोड ८९ लाख ६३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० पारित गरी मिति २०८१।५।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै अख्तियारी प्रदान गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्दछ ।

३.३ **योजना तथा वजेट कार्यान्वियन** – पालिकाको योजना तथा बजेट सम्वन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

- **त्रैमासिक खर्च अवस्था-** आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु १२.करोड९६ लाख ८५ हजार भएकोमा प्रथम त्रैमासिकमा १३ लाख ८९ हजार, दोश्रो त्रैमासिकमा ९९लाख ५९ हजार, तेश्रो चौमासिकमा २ करोड ८७ लाख ४० हजार, चौथो त्रैमासिकमा८ करोड ९५ लाख ९७ हजार र आषाढ महिनामा ६ करोड १० लाख ६७ हजार देखिन्छ। चौथो त्रेमासिकखर्च ६९.०८ प्रतिशत र आषाढ महिनाको खर्च४७.०८ प्रतिशत रहेकोले वर्षान्तमा खर्च दर उच्च रहेको छ ।त्रैमासिक विनियोजन वमोजिम वजेट खर्च गरिनुपर्दछ ।
- **रकमान्तर**-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको अधिनमा रहि कुनै शिर्षकवाट पुजिगत शिर्षकमा पच्चिस प्रतिशत नवढाइ रकमान्तर गर्न सक्ने उल्लेख छ ।त्यस्तै, गाउँपालिकाको विनियोजन ऐन २०८१ ले चालु र पुजिगत खर्च शिर्षकमा ५६ करोड ८९ लाख ६३ हजार वजेट स्विकृत गरेको मध्ये आन्तरीक श्रोत र निशर्त वित्तिय हस्तान्तरणमा रु २० करोड ९९ लाख ७० हजार विनियोजन गरेको छ ।तर पालिकाले आन्तरीक श्रोत र निशर्त वित्तिय हस्तान्तरणमा ७७ वटा कार्यक्रम/योजना लाइ घटाइ ११५ वटा नयाँ कार्यक्रम/ थप गरी रु. २,०८,६८,८५०.०० रकमान्तर गरेको छ । वजेट तथा कार्यक्रम स्वीकृत भैसकेपछि सो कार्यन्वयन हुन नसक्ने आधार वेगर आर्थिक वर्षको विचमा कार्यक्रम/ योजना संसोधन गरी रकमान्तर गर्नु उचित देखिएन ।साथै एक योजना/शिर्षकवाट रकमान्तर गरी अर्को योजना/शिर्षकमा वजेट थप गर्दा खर्च हुन सक्ने वा नसक्ने पक्षलाई विचार गरी रकमान्तर गर्नु पर्नेमा यस कार्यालयले रकमान्तर थप गरेका तपसिलका योजना कार्यक्रमहरुको वजेट खर्च भएको देखिएन ।

क्र.स	योजना तथा कार्यक्रम	कार्यान्वयन नभएको वजेट रु
१	बोलिङ भुमे मा वि अनुदान	५०००००
२	रामायण छाप मा वि छात्रावास निर्माण	१५००००
३	चापाकोट हुँदै कुम्भेश्वरी मन्दिर पदमार्ग निर्माण	१०००००

३.४ **योजनाको प्राथमिकीरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ८ वडाको लागि वडागत र पालिकास्तरका कुल २२७. योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु २० लाख माथिका योजना सङ्ख्या	रु ५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या	रु ५ लाखभन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	७८	१९	२५	३३
२	वडास्तरीय	१४९	०	२०	१३०

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३.५ **दायित्व सृजना र भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(२)(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।त्यस्तै आर्थिक-कार्यविधि-तथा-वित्तीय-उत्तरदायित्व-नियमावली-२०७७ को नियम ३९ को उपनियम १३ वमोजिम चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी भुक्तानीदिन बाँकीको विवरण तयार गरी प्रमाणित गराई राख्नु पर्ने र नियम ३९ को उपनियम (१५) वमोजिम दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको प्रमाणित विवरणमा समावेश भएको खर्च भुक्तानी दिन बाँकी रहेमा चालू आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरी भुक्तानी दिन सक्ने ब्यबस्था छ। पालिकाले नियमित तथा चालु प्रकृतिका खर्च रु ९४०३९८ र पुजिगत रु १६७७०००।०० गरी गत वर्षको भुक्तानी दिन बाँकी दायित्व रु २६१७३९८।००बजेटमा समावेश गरी भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र भुक्तानी दिने गरी बजेट निर्माण गर्नुपर्नेमा चालु प्रकृतिको दायित्वमा राखि भुक्तानी दिन मिल्ने देखिएन ।

४ अनुदान प्राप्ती, वितरण, उपयोग

४.१ **समानीकरण अनुदान रकमको उपयोग**- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २८ मा कानुन वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजन लागी प्रयोग गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको मार्गदर्शनको बुदा च (१२ र १४) मा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१(४)मा प्रदेश तथा स्थानीय तहले आफुले उठाएको राजश्व र उक्त ऐन बमोजिम राजश्व बाँडफाँडवाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व र व्ययको अनुमान पेश गर्नुपर्ने ब्यबस्था रहेको हुदा प्रदेश तथा स्थानीय सरकारहरुले प्रशासनिक खर्च [पारिश्रमिक / सुविधा, मालसामान तथा सेवाको उपयोग अनुगमन तथा मूल्याङ्कन खर्च भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रतिनिधिमण्डलको अध्ययन तथा भ्रमण

खर्च, विविध खर्च, सभा सञ्चालन खर्च, निवृत्तिभरण तथा अशक्तवृत्ति, उपदान, सेवा निवृत्तको सञ्चित विदा, सेवा निवृत्तको औषधि उपचार, जग्गा / घर / सवारी साधन / मेशिनरी औजारको भाडा, राजस्व, न्यायिक तथा अन्य फिर्ता भैपरी आउने चालु खर्च] जस्ता शीर्षक वा विषयमा वित्तीय समानीकरणको अनुदानबाट प्राप्त रकमको प्रयोग गर्न नहुने र आर्थिक वर्षको अन्त्यमा फ्रिज भएको वित्तीय समानीकरण अनुदानको रकम अर्को आर्थिक वर्षमा खर्च गर्दा जुन प्रयोजनको लागी विनियोजन भएको हो सोहि प्रयोजनमा मात्र खर्च गर्नुपर्ने र यस्तो रकम आन्तरिक आयको रुपमा गणना गरी चालु प्रकृतिका शीर्षकमा खर्च गर्न नपाईने उल्लेख छ ।।पालिकाको यस बर्षको श्रोतगत खर्चको फाँटवारीमा मार्गदर्शन विपरित देहाय चालु प्रकृतिका खर्च शीर्षकमा विनियोजन गरी ९४७४०६२.५खर्च गरेको देखिएको छ । ऐनमा उल्लेखित ब्यबस्था र आयोगको मार्गदर्शन विपरित पालिकाले वजेट विनियोजन गरी खर्च गरेको देखिएकोले वजेट विनियोजन तथा खर्च गर्दा उक्त कानुनी ब्यबस्थाको पालना गरिनुपर्दछ ।

खर्च संकेत नं.	खर्च शीर्षक	अन्तिम बजेट	वजेट खर्च
नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार - नगद अनुदान			
२१११२	पारिश्रमिकपदाधिकारी	६०,००,०००.००	५९,७६,०००.००
२११३९	अन्य भत्ता	५,००,०००.००	४,०८,५००.००
२२२१४	बिमा तथा नवीकरण खर्च	१०,००,०००.००	८,४४,०२२.००
२२३१५	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	५,३०,०००.००	२,१९,८४०.००
२२३१९	अन्य कार्यालयसंचालन खर्च	२,१९,१५०.००	२,१९,१५०.००
२२४१९	अन्य सेवा शुल्क	५,००,०००.००	५,००,०००.००
२२७११	विविध खर्च	१,५०,०००.००	१,५०,०००.००
बागमती प्रदेश - समानिकरण अनुदान : बागमती प्रदेश - नगद अनुदान			
२११२३	औषधीउपचार खर्च	१०,००,०००.००	८,५६,१४०.००
२२४१४	सरसफाईसेवा शुल्क	४,५०,०००.००	३,००,४१०.५०
जम्मा			९४७४०६२.५

४.२ **सवारी साधन कर वाडफाड** - - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २८ मा कानुन वमोजिम प्राप्त भएको अनुदानको रकम जुन प्रयोजनको लागी प्राप्त भएको हो सोहि प्रयोजन लागी प्रयोग गर्नुपर्ने उल्लेख छ ।त्यस्तै राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले जारी गरेको सवारीसाधन कर मार्गदर्शनको वुदा ५ मा सवारी साधन कर वाडफाडको रकम उपयोग गर्दा सो रकमबाट स्थानिय सडकको मर्मतसम्भार तथा सडक सुरक्षा ब्यबस्थापन, वसपार्क, यात्रु प्रतिक्षालय तथा सार्वजनिक शौचालय निर्माण लगायतका पुर्वाधारमा वजेट विनियोजन गरी खर्च गर्नुपर्ने उल्लेख गरेको छ ।यस बर्ष पालिकामा प्राप्त भएको सवारी साधन कर वाडफाड रकम रु २,०२,०३,८३८.३१ मध्ये यस बर्षको श्रोतगत खर्चको फाँटवारीमा तोकेको क्षेत्रमा खर्च नगरी कार्यालयको नियमित प्रकृतिका चालु खर्च शिर्षकमा विनियोजन गरि रु ६७६५३५७।०० खर्च गरेको देखिएको छ । ऐनमा उल्लेखित ब्यबस्था र आयोगको मार्गदर्शन विपरित पालिकाले वजेट विनियोजन गरी खर्च गरेको देखिएकोले वजेट विनियोजन तथा खर्च गर्दा उक्त कानुनी ब्यबस्थाको पालना गरिनुपर्दछ ।

वाँडफाडवाट प्राप्त रकम	खर्च संकेत	खर्च शिर्षक	वजेट रकम	खर्च रकम
२,०२,०३,८३८.३१	२११३३	फिल्ड भत्ता	१४,००,०००.००	९,६०,०४८.००
	२११३९	अन्य भत्ता	५,२०,०००.००	४,७५,०००.००
	२११४१	पदाधिकारी बैठकभत्ता	५,००,०००.००	५,००,०००.००
	२२११२	संचार महसुल	१५,००,०००.००	१५,००,०००.००
	२२३११	मसलन्द तथाकार्यालय सामाग्री	१,५५,०००.००	१,५५,०००.००
	२२३१५	पत्रपत्रिका, छपाईतथा सूचना प्रकाशन खर्च	३,००,०००.००	२,७२,४२२.००
	२२४१३	करार सेवा शुल्क	५६,३०,०५०.००	२४,०२,८८७.००
	२२४१९	अन्य सेवा शुल्क	५,००,०००.००	५,००,०००.००
जम्मा				६७६५३५७।००

५ संगठन तथा कर्मचारी व्यवस्थापन

५.१ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन -स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९को दफा ७ वमोजिम स्थानिय तहको संगठन संरचना र दरवन्दी स्विकृत भएपछी सम्वन्धित स्थानिय तहले संगठन संरचना स्विकृत गर्ने वा पद सृजना गर्ने निर्णय भएको एक महिना भित्र र ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र प्रदेश कितावखानामा पद दर्ता गर्नुपर्ने उल्लेख छ पालिकाले ऐनको ब्यबस्था वमोजिम नयाँ संगठन संरचना र दरवन्दी स्विकृत गरी निर्णय भएको एक महिना भित्र प्रदेश किताबखानामा पद दर्ता गरेको नदेखिए को साथै ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र प्रदेश किताबखानामा पद दर्ता गरेको पनि देखिएन । पालिकाले उपलब्ध गराएको बिबरण अनुसार ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण निम्नअनुसार छन ।

सि नं	पद	स्विकृत दरवन्दी	स्थायी पदपुर्ती	रिक्त	रिक्त मध्ये करार पदपुर्ति	कार्यक्रम करार
१	प्रमुख प्रशासकिय अधिकृत	१	१	०	०	
२	अधिकृत सातौ	५	२	३	०	
३	अधिकृत छैठौ	१६	१४	२	२	२
४	सहायक पाचौ	३८	२४	१४	७	५
५	सहायक चौथो	२५	४	२१	१९	१
६	श्रंणी विहिन					१
		८५	४५	४०	२८	९

- ऐनको ब्यबस्था वमोजिम ऐन प्रारम्भ हुदाका वखत स्थानिय तहमा रहेका स्थायी कर्मचारीको दरवन्दीको विवरण यो ऐन प्रारम्भ भएको मितिले ३ महिना भित्र र नयाँ संगठन संरचना र दरवन्दी स्विकृत गरी निर्णय भएको एक महिना भित्र प्रदेश किताबखानामा पद दर्ता गरिनुपर्दछ ।

५.२

करार कर्मचारी -स्थानीय-सेवा-(गठन-तथा-सञ्चालन)-ऐन,-२०७९ को दफा १६ मा स्थानिय सेवाका कर्मचारीले गर्नुपर्ने कामको लागी कुनैपनि ब्यक्तिलाइ ज्यालादारी तथा करारमा नियुक्ति गर्न नपाइने उल्लेख छ तर सोहि ऐनको दफा ९ को उपदफा १४ मा सहायक चौथो र पाँचौ तहको पदवाट सम्पादन गरिने कार्य मध्येको कम्प्युटर अपरेटर, सवारीचालक, कार्यालय सहयोगीर चौकिदारको पदवाट सम्पादन हुने कामको लागी दरवन्दि भित्र रहि ब्यक्तिसंग करार गरी सेवा करारमा र प्लम्बर, इलेक्ट्रिसियन र यस्तै काम गर्ने अन्य पदका दरवन्दि भित्र नपर्ने पदमा संस्था गरार गरी सेवा करारवाट सम्पादन गराउन सकिने उल्लेख छ ।यो वर्ष पालिकाले स्वीकृत स्थायी दरवन्दीमा देहाय वमोजिम संख्यामा विगतदेखी नै कार्यरत कर्मचारीको करारको म्याद थप गर्दै कार्य लगाइ यस वर्ष रू.१ करोड २४ लाख २३ हजार पारिश्रमिक भुक्तानी गरेकोदेखिएकोले यस्तो खर्च नियन्त्रण गरिनुपर्दछ ।

पद	करारमा कार्यरत कर्मचारी संख्या	मासिक तलव	वार्षिक तलव भत्ता रु.
अधिकृत छैठौ	२	४३६८९	११३५९१४
सहायक पाचौ	७	३४७३०	३१६०४३०
सहायक चौथो	१९	३२९०२	८१२६७९४
जम्मा	२८		१२४२३१३८

५.३ कर्मचारी कल्याण कोषः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकाले यसवर्ष स्थानीय सेवाका कर्मचारीले खाईपाई आएको तलबबाट रकम कट्टा गरी कर्मचारी कल्याण कोषमा रकम जम्मा गरेको छैन । यसले गर्दा पालिकामा नियुक्त भएका कर्मचारीको भविष्यको ठूलो रकमको दायित्वको स्रोत अनिश्चित बनेको छ । स्थानीय सेवाका कर्मचारीको मासिक १० प्रतिशत रकम कट्टा गरि कर्मचारी कल्याण कोषमा दाखिला गर्ने व्यवस्था मिलाउनु पर्दछ । यो बर्ष रु.३०००००।००खर्च गरी रु. ३०००००।०० मौज्दात रहेको विवरण पेश भएको छ । कानूनी व्यवस्था बमोजिम कर्मचारीको योगदानसहित कोषको व्यवस्था नगरी बिनियोजनबाट खर्च गरेको उपयुक्त देखिएन ।

५.४ तलवी प्रतिवेदनः- बागमती प्रदेश सरकारको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ६९(५) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाइ कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रू ३०१३२३३९। १० र पालिका तर्फ रू...११६०१००८।२५ समेत रू...४१७३३३४७।३५ खर्च लेखेको छ।ऐनको ब्यबस्था वमोजिम तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

६ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार सहकारी संस्थाहरुले प्रत्येक बर्ष मासिक, चौमासिक, वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन, खुद वचत सम्वन्धि निति र योजना लगायत अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) र सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दर्ता भएका १५ कृषि सहकारी १ वचत तथा ऋण सहकारी १ वहुउदेश्यीय गरी १८ वटा सहकारीरहेका छन । डिभिजन सहकारीमा दर्ता भै पालिकामा हस्तानतरण भएका तर एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दर्ता नभएका वहुउदेश्यिय. सहकारि २ वटा समेत२० सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । जसले गर्दा

सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

७ कानून निर्माण एवं कार्यान्वयन

७.१ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ९ वटा ऐन, ७ वटा नियमावली, ६१ कार्यविधि ६ निर्देशिका २ वटा गरी ८५ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक पर्ने, आफ्नो अधिकार क्षेत्रभित्रको आवश्यक कानून बनाई पालिकाको कार्यप्रकृयालाई व्यवस्थित गरिनुपर्दछ ।

७.२ **न्यायिक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस वर्ष १५ उजुरी परेकोमा १२ वटा फर्स्यौट भइ ३ वटा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

८ सम्पत्ति उपयोग र संरक्षण

८.१ **सम्पत्तिको उपयोग र संरक्षण** – आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९४ मा कुनै कर्मचारीको जिम्मामा रहेको सरकारी सम्पत्तिको हिनमिना नहुने गरी लगत श्रेस्ता सहित त्यस्को संरक्षण गर्ने कर्तब्य त्यस्तो जिम्मा लिने कर्मचारी र सम्वन्धित कार्यालय प्रमुखको हुने ब्यबस्था छ । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS वमोजिम पालिकाको यस आर्थिक वर्षमा घर जग्गा तथा देहाय प्रमुख सम्पत्ति देखिएकोमा सार्वजनिक सम्पत्तिको उपयोग तथा संरक्षणमा अवस्था देखिएको व्यहोरा निम्न छ ।

सम्पत्ति	संख्या	खरिद/प्राप्ति मूल्य	कैफियत
घर जग्गा क्षेत्रफल र संख्या सहित	२७१८.६८ व कि मि	१३०००००	सवै जग्गा अभिलेखमा नआएको
सवारी साधन दुइ पाङग्रे	३५	८७२३५९३।७८	
सवारी साधन चार पाङग्रे	५	९२०७२०८.२१	
एम्वुलेन्स	१	९५७४८५।४२	अरु २ वटा पाम्समा दाखिला नभएको ।

- **इन्धनको अभिलेख** – पालिकाले यस बर्ष इन्धन (पदाधिकारी) रु१५,४९,५८९.०० र इन्धन (कार्यालय प्रयोजन)मा रु. १४,९२,६३३.०० गरी ३०४२२२२।०० खर्च लेखेको छ । सवारी इन्धन खर्च लेख्दा सम्वन्धित सवारी साधनमा खपत भएको इन्धनको खर्चको अभिलेख PAMS राखिएको नदेखिएकोले इन्धन खर्चको अभिलेख PAMS मा राखिनुपर्दछ ।

- **उपकरण सञ्चालन र कार्यबिधि**- पालिकामा रहेका एम्वुलेन्स गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आयको छुट्टै अभिलेख राखी लेखापरिक्षणमा पेश गरेको छैन । एकातर्फ एम्वुलेन्स सञ्चालनको पुर्ण रुपमा लगसिट नहुने अर्कोतर्फ लगानी र आय विश्लेषण समेत नहुनाले साधन सञ्चालन अवस्था कस्तो छ एकिन गर्न सकिएन । उक्त साधन सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण प्राथमिक स्वास्थ्य केन्द्र वाट व्यबस्थापन हुने गरेको पाइयो । पालिकाको एम्वुलेन्स मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

- नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७७।७।२० को निर्णयबाट आर्थिक बर्ष २०७७।७८ बाट अनिवार्य रुपमा नेपाल सरकारको तीनै तहका सबै सरकारी कार्यालयहरुले प्रयोग गर्न सक्ने गरी सरकारी सम्पतिको लेखाङ्कन र प्रतिवेदन तयार गर्न सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) लागू हुने गरेको छ । सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) version 1 मा रहेका पुजिगत प्रकृतिका (PAMS) version २ मा माइग्रेसन भएपनि २०७७।७८ आ व भन्दा अधिका स्वास्स्थ्य संस्थाका केहि जिन्सी सामान जिन्सी खातामा अभिलेख राहेको तर सम्पति (PAMS) मा अभिलेख नभएकोले सवै सम्पत्ति सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) version २मा अभिलेख गरिनुपर्दछ ।

- **जिन्सी निरीक्षण** -आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र मर्मत गर्नुपर्ने तथा लिलाम गर्नुपर्ने सामान नियम १०६ बमोजिम लिलाम गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जिन्सी निरिक्षण पश्चात प्रतिवेदनमा उल्लेखित लिलाम गर्नुपर्ने सामान कानून बमोजिम लिलाम गरेको देखिएन ।

८.२ सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण - स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्ति, अन्य सार्बजनिक सम्पत्ति, सार्वजनिक प्रयोग स्थल, जग्गा वा अन्य संरचनाको अद्यावधिक अभिलेख राखि त्यस्ता सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रबन्ध गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मालपोत कार्यालयवाट जग्गा प्रशासन निर्देशिका, २०५८ को बुँदा नं. ४१४ वमोजिम सरकारी र सार्वजनिक जग्गा अनुसूची १९ र २० बमोजिमको ढाँचामा दर्ता रहेका सरकारी तथा सार्वजनिक जग्गाको अभिलेख लिई सो को आधारमा सार्वजनिक संरचना समेतको अद्यावधिक अभिलेख राखेको र त्यस्ता सम्पत्तिको अनुगमन गरेको देखिएन। जस्ले गर्दा सार्वजनिक,पर्ति जग्गाले ओगटेको क्षेत्रफल पुरै सावुद रहे, नरहेको र त्यस्ता सार्बजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण वा लिजमा दिए, नदिएको सम्बन्धमा एकिन गर्न सकिएन।पालिकाले कानून बमोजिम मालपोत कार्यालयबाट सरकारी सार्वजनिक जग्गाको अभिलेख लिइ सो को आधारमा अनुगमन गरी सार्बजनिक जग्गाको संरक्षण गरीनुपर्दछ ।

९ शिक्षक दरवन्दी र पदपूर्ति

शिक्षा नियमावली, २०५९ को नियम ९२ मा मन्त्रालयबाट स्वीकृत दरबन्दीको आधारमा सामुदायिकविद्यालयमा रहने शिक्षक दरवन्दी अनुसूची - १२ मा उल्लेख भए बमोजिम हुने र विशेष शिक्षा दिने सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मन्त्रालयले तोके बमोजिम हुने उल्लेख छ । त्यस्तै शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ८ मा प्रत्येक जिल्ला शिक्षा समन्वय कार्यालयले जिल्ला भित्रका सामुदायिक विद्यालयमा रहेका स्वीकृत रिक्त दरवन्दीको विबरण प्रत्येक ६ महिनामा शिक्षा बिकास तथा मानव श्रोत केन्द्रमा पठाउनुपर्ने र शिक्षा बिकास तथा मानव श्रोत केन्द्रले पनि पदपुर्तिको लागी २ महिना भित्र आयोगमा लेखि पठाउनु पर्ने उल्लेख छ । पालिकाले पेश गरेको विबरण अनुसार आधारभुत र माध्यमिक गरी १८१ स्वीकृत शिक्षक दरवन्दी रहेकोमा १५४ जना पदपुर्ति भई २७ दरवन्दी रिक्त रहेको छ। पदपुर्तिको लागी दरवन्दीको विबरण पठाएको नदेखिएकोले शिक्षक सेवा आयोग नियमावली वमोजिम रिक्त पद पदपुर्ति गरिनुपर्दछ ।

सं.	विद्यालयको संख्या	स्विकृत दरवन्दी आधारभुत तह १ देखि ५	स्विकृत दरवन्दी आधारभुत तह ५ देखि ८	स्विकृत दरवन्दी माध्यामिकतह ९ देखि १०	स्विकृत दरवन्दी माध्यामिकतह ११देखि १२	जम्मा स्विकृत दरवन्दी	स्थायी पदपूर्ति	शिक्षण अनुदान कोटा राहतमा कार्यरत	संघिय शसर्त अनुदान र अन्य प्रकृतिका शिक्षण अनुदान	पालिका अनुदान	जम्मा करारमा कार्यरत
१	४७	१२६	२४	१९	१२	१८१	१५४	३५	२०	०	८१

१० विद्यालय समायोजन तथा शिक्षक विद्यार्थी अनुपात

शिक्षा नियमावली २०५९ को नियम ४ अनुसुची ३ (ठ) मा सामुदायिक विद्यालयमा प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराइ क्षेत्रमा ५०, पहाडी क्षेत्रमा ४५ र हिमाली क्षेत्रमा ४० विद्यार्थी हुनुपर्नेउल्लेख छ। नियमावलीमा भएको उल्लेखित ब्यबस्थाले यस पहाडी जिल्लाका सामुदायिक विद्यालयका प्रतिकक्षा सामान्यतया औषतमा ४५ विद्यार्थीले गणना गर्दा प्रति आधारभुत विद्यालय (कक्षा १-५) भएको विद्यालयमा २२५ जना, (कक्षा ६-८) सम्म भएको विद्यालयमा ३६० जना, माध्यामिक (कक्षा ९-१०) मा ४५० जना प्रति विद्यार्थी हुनुपर्ने देखिएको छ । त्यस्तै शिक्षा नियमावली, २०५९ को नियम ७७ मा सामुदायिक विद्यालयमा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र उपत्यका तथा तराईमा ५० हुनुपर्ने उल्लेख छ। पालिकावाट प्राप्त विवरण अनुसार सामुदायिक विद्यालयको प्रति विद्यालय विद्यार्थी संख्या र शिक्षक/विद्यार्थी अनुपात देहाय वमोजिम देखिएको छ ।

सि.नं.	विद्यालयको नाम	विद्यालयको तह	नियमावली वमोजिम प्रति विद्यालयमा हुनुपर्ने विद्यार्थि संख्या	विद्यालयको विद्यार्थी संख्या	विद्यार्थी प्रतिशत	कुल शिक्षकसंख्या	शिक्षक विद्यार्थी अनुपात
१	श्री भूमेदेवी मा.वि शिवपुरी-१	१-१०	४५०	२५०	५५,५५	१५	१७
२	श्री सीताराम आ.वि शिवपुरी-१	१	४५	१०	२२		-
३	श्री हिल्चे आ.वि शिवपुरी-१	१-५	२२५	४८	२१	५	१०
४	श्री विष्णुदेवी आ.वि शिवपुरी-१	१-३	१३५	९	७	१	९
५	श्री खोलेखर्क आ.वि शिवपुरी-१	१-८	३६०	३८	११	७	६
६	श्री ज्वालामुखी आ.वि शिवपुरी-१	१-५	२२५	२९	१३	३	१०
७	श्री वच्छला आ.वि शिवपुरी-१	१-३	१३५	२१	१५,५५	१	२१
८	श्री शिवालय आ.वि शिवपुरी-१	१-८	३६०	९२	२६	७	१३
९	श्री बोर्लाङभूमेमा.वि शिवपुरी-२	१-१०	४५०	१७४	३८,६६	१३	१४
१०	श्री नवदीपज्योती आ.वि शिवपुरी-२	१	४५	१६	३६		-
११	श्री शान्तिबुद्ध आ.वि शिवपुरी-२	१-२	९०	२१	२३	१	२१
१२	श्री शिवपुरी महादेव आ.वि शिवपुरी-२	१-२	९०	७	८		-
१३	श्री चाँपाबोटे आ.वि शिवपुरी-२	१-७	३१५	९०	२९	५	१८
१४	श्री मैदान आ.वि शिवपुरी-३	१-३	१३५	४१	३०	२	२१
१५	श्री विष्णुदेवी आ.वि शिवपुरी-३	१	४५	७	१६		-
१६	श्री रामायण छाप मा.वि शिवपुरी-३	१-१०	४५०	१३४	३०	१२	१२
१७	श्री छायाँदेवी आ.वि शिवपुरी-३	१-५	२२५	२३	१०	३	८
१८	श्री शिलाकादेवी आ.वि शिवपुरी-३	१-२	९०	८	९	१	८
१९	श्री महेन्द्र मा.वि. शिवपुरी-३	१-१०	४५०	२२०	४९	१५	१५
२०	श्री थाङ्साङ्भूमे आ.वि	१-२	९०	९	१०		-

	शिवपुरी-३						
२१	श्री माङ्चेभूमे आ.वि शिवपुरी-३	१-३	१३५	२१	१६	१	२१
२२	श्री मंगला आ.वि शिवपुरी-३	१	४५	६	१३		-
२३	श्रीस्याउरीभूमे मा.वि शिवपुरी-४	१-१०	४५०	१५४	३४	१५	११
२४	श्री शिवपुरी एकता आ.वि शिवपुरी-४	१-५	२२५	४	२	१	४
२५	श्री जालपा आ.वि शिवपुरी-५	१-८	३६०	५६	१६	७	८
२६	श्री नेपाने आ.वि शिवपुरी-५	१-३	१३५	१४	१०	१	१४
२७	श्री जानकी मा.वि शिवपुरी-५	१-१०	४५०	३५१	७८	१५	२४
२८	श्री वच्छला आ.वि शिवपुरी-५	१-८	३१५	८९	२८	८	१२
२९	श्री जेब्राङ्ग आ.वि शिवपुरी-५	१-५	३६०	४३	१२	३	१५
३०	श्री ग्रोहीथुमभूमे आ.वि शिवपुरी-५	१-३	१३५	१०	७	१	१०
३१	श्री अष्टदेवी आ.वि शिवपुरी-५	वालविकास		५			-
३२	श्री भूमेदेवी आ.वि शिवपुरी-५	१	४५	११	२४		-
३३	श्री ज्ञानकुञ्ज आ.वि शिवपुरी-५	१-२	९०	७	८	१	७
३४	श्री जनसहयोग आ.वि शिवपुरी-६	१-५	२२५	२७	१२	३	९
३५	श्री चनभूमे आ.वि शिवपुरी-६	१	४५	७	१६	१	७
३६	श्री कालिका देवी मा.वि शिवपुरी-६	१-१०	४५०	१७३	३८	१३	१४
३७	श्री समुन्द्रा मा.वि शिवपुरी-६	१-१०	४५०	२३२	५२	१५	१६
३८	श्री जलेश्वर आ.वि शिवपुरी -७	१-३	१३५	१७	१३	२	९
३९	श्री पञ्चकन्या भुमे आ.वि शिवपुरी -७	१-५	२२५	१९	८	२	१०
४०	श्री सुन्दरा आ.वि शिवपुरी -७	१-२	९०	८	९	१	८
४१	श्री ग्रामिणदेवी मा.वि शिवपुरी -७	१-१०	४५०	१२३	२७	१०	१३
४२	श्री कुम्भेश्वर मा.वि शिवपुरी	१-१०	४५०	१७२	३८	१२	१४

	-७						
४३	श्री जनज्ञान निकेतन मा.वि शिवपुरी-८	१-१०	४५०	४५३	१००	१९	२४
४४	श्री अमर आ.वि. शिवपुरी-८	१-१०	३६०	९७	२७	७	१४
४५	श्री राम्चेआ.वि. शिवपुरी-८	१-३	१३५	१५	११	२	८
४६	श्री महेन्द्रआ.वि. शिवपुरी-८	१-५	२२५	३४	१५	३	१२
४७	श्रीकृष्ण तिर्थस्थल वेदविद्याश्रम गुरुकुल	६-७	९०	१२	१३	१	१२

- सवै समुदायिक विद्यालयमा तोकिए वरावर शत प्रतिशत विद्यार्थी हुनुपर्नेमा विवरणअनुसार तोकिएको संख्याको १.७७ प्रतिशत सम्म विद्यार्थी भएको देखिएकोले विद्यालयमा नियमावलीले तोके वमोजिम विद्यार्थी देखिएन । भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याको आधारमा अध्ययन गरी आवश्यकता अनुसार विद्यालय गाभ्ने, खारेज गर्ने नयाँ थप गरी बिद्यालय समायोजन गर्नुपर्नेमा हालसम्म व्यवस्थापन गर्न सकेको देखिएन । सामुदायिक विद्यालय समायोजन गरेको नदेखिएकोले निर्धारित मापदण्ड वमोजिम विद्यालय समायोजन गरी गुणस्तरीय शिक्षाको ब्यबस्थापन गरिनु पर्दछ ।
- नियमावली अनुसार समुदायिक विद्यालयमा औषतमा शिक्षक-विद्यार्थी अनुपात ४५ हुनुपर्नेमा विवरण अनुसार न्युनतम ४ देखी अधिकतम २४ सम्मको अनुपात भएको देखिएकोले कुनै विद्यालयमा पनि नियमावलीले तोके वमोजिम शिक्षक/विद्यार्थी देखिएन । सार्वजनिक खर्चमा मितब्यीता कायम गर्न भौगोलिक अवस्था, जनसंख्या तथा विद्यार्थी संख्याको आधारमा अध्ययन गरी आवश्यकता अनुसार शिक्षक दरवन्दी मिलान गर्ने,अनावश्यक दरवन्दी खारेज गर्ने गरी शिक्षक दरवन्दीको ब्यबस्थापन गरिनुपर्नेमा पालिकामा शिक्षक दरवन्दी मिलान भएको देखिएन । शिक्षा नियमावलीको ब्यबस्था वमोजिम शिक्षक-विद्यार्थी अनुपात कायम हुनेगरी शिक्षक व्यवस्थापन गर्नुपर्दछ।

११ पुँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्षपुजिगतशिर्षकबाट रु १२९६८५२५०।०० खर्च गरेकोमा रु ७०६५४९५२।०० अर्थात् ५४.४८ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सोझै रु.१३५९६९९।००, उपभोक्ता समितिबाट रु ५७५२३९३३।०० र कन्टिन्जेन्सी वाट रु १४६६६६६ को खरिद गरेको छ। सोझै, तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

१२ सम्भाव्यता अध्ययन/डी.पी.आर

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा कार्यालयको जनशक्तिले सम्भव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा यो वर्ष कुल रु१७९३३१३ ।००खर्च गरेको छ। यसरी कार्य गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता परामर्शदाता वाट सेवा खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्‍याउनु पर्दछ।

क्रस	परामर्शदाता र कार्य	लागत अनुमान	खरिद बिधि		खर्च		
			सिलवन्दी दरभाउपत्रवाट सम्झौता रकम	सोझै वा आशयपत्रवाट सम्झौता रकम	गतवर्ष खर्च रकम	यसबर्ष खर्च रकम	कार्यान्वयनको अवस्था
१	लियोनार्दो इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लि वातावरण अध्ययान लिखु रिभर	३९३९६५।०८	०	३७२९००।००	०	३७२९००।००	IEE ठेक्का लागेको
२	मल्टिस्कोप सोलुसन प्रा लि दिगो विकास लक्ष्य शिवपुरी गाउपालिका	४९७५२३।१८		४७२९०८।००		४७२९०८।००	SDG परिषद वाट स्विकृती
३	ग्रिन इनोयटिभ कन्सल्टेन्सी प्रा लि स्थानिय प्रकोप जोखिम ब्यबस्थापन योजना शिवपुरी	९९८०३५।४९		९४७५०५।००		९४७५०५।००	विपद व्यवस्थापन कार्यक्रम संचालन
		१८६९५२३।७५		१७९३३१३		१७९३३१३	

१३ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(३) मा व्यवसायी वा आपूर्तिकर्ताले कारण सहित खरिद सम्झौताको म्याद थपकोलागि निवेदन दिएमा उप नियम २ वमोजिमको मनासिव कारण विश्लेषण गरी नियम १२१ वमोजिम पूर्व निर्धारीत क्षतिपूर्ती तिर्नुपर्ने अधिकतम् अवधिसम्म वोलपत्र स्विकृत गर्ने अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ । यो वर्ष पालिकाले.३६ खरिद सम्झौता गरेको र विगतमा गरेको खरिद सम्झौता मध्ये १० शैयाको शिवपुरी अस्पतालका निर्माण ब्यबसायीको सम्झौताको ५० प्रतिशत भन्दा वढी म्याद थप गरेको देखियो। सम्झौताको व्यवस्था अनुसार समयमा कार्यसम्पन्न गर्न गराउन कार्यतालिकाको पुर्ण कार्यान्वयन भएको सुनिश्चित हुनु पर्दछ ।

१४ **उपभोक्ता समिति गठन**

सार्वजनिक खरिद नियमावलीको नियम ९७ अनुसार उपभोक्ता समित वाट निर्माण वा सेवा सोहि स्थानमा वसोवास गर्ने वासिन्दा वा समुदायमात्र रहेको उपभोक्ता समितवाट गराउन सकिने व्यवस्था छ । विद्यालयलाई विनियोजित निम्न कार्यको लागी योजना संचालन गर्दा उपभोक्ता समिति गठन नगरी विद्यालय व्यवस्थापन समिति सँग योजना सम्झौता गरी कार्य गरेको छ।

गो भौ न मिति	आपुर्ति कर्ता	रकम	शिर्षक
९४।२०८१।१२।१४	जानकी मावि अनुदान	१०००००	गापा पुजिगत
११०।२०८१।१२।२८	कालिका मा वि अनुदान (ट्रस भवन निर्माण)	४८३९०५	गापा पुजिगत

१५ **अन्य निकायको खर्च**

आर्थिककार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १८ मा बजेट निकासा सम्वन्धि व्यवस्था रहेको छ ।सोही ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रमसंचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायको सचिवले सम्वन्धितमन्त्रालय वा निकायको सचिवलाइ खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। कानुनकोव्यवस्था अनुरुप अख्तियारी प्रदान गरी खर्च गर्नुपर्नेमा सोझै अन्य कार्यालयकोखर्च लेखेको नियमसम्मत नदेखिएको रु.

गो भौ मिति	निकायको नाम	शिर्षक	रकम
३५।०८१।६।१८	प्रहरी चौकी पाटी भञ्ज्याङ्ग	सवारी साधन मरमत र ईन्धन	३००००
२२४।०८१।११।१९	शेरा बगर प्रहरी चौकी	पोष्ट निर्माण	५२६३८
२५६।०८१।१२।१९	गुर्जे प्रहरी चौकी	मोटरसाइकल मर्मत र कार्यालय सामाग्री खरिद	५००००
२८७।०८२।१।२	गुर्जे प्रहरी चौकी	सि सि टिभी जडान	८५०००
४२४।०८२।३।२	प्रहरी चौकि शेरावगर	सवारी साधन मर्मत संभार	६९५०
४२७।०८२।३।२	प्रहरी पोष्ट छहरे	सवारी साधन मर्मत संभार	१००००
		जम्मा	२३४५८८

अनियमित भएको	२,३४,५८८

१६ **पाम्समा अभिलेख**

आर्थिक कार्यविध तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा खरिद गरी वा नगरी जुनसुकै माध्यमबाट प्राप्त भएको जिन्सी मालसामानको विवरण र मुल्य खुलाइ सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गराउनु कार्यालय प्रमुखको कार्य हुने उल्लेख छ । शिवपुरी गा पा अन्तर्गत विभिन्न वडा समिति मार्फत खरिद गरेका जिन्सि सामान PAMS (पाम्स) मा अभिलेख राखेको पाईएन । नियमानुसार सवै किसिमका मालसामन PAMS दाखिला गर्नु पर्दछ ।

गो भौ मिति	वडा न /संस्था	आपूर्ति कर्ता	मुख्य सामाग्री	रकम	
६०।८१।१०।२४	६		कुर्सी २	२५०००	नपा पुजिगत
२३४।०८१।११।२३	वडा ८		कार्यालय सामाग्री	४४५८०	नपा चालु
२६०।०८१।१२।२१	वडा ८		मसलन्द तथा कार्यालय सामाग्री	४५०७५	नपा चालु
२६१।०८१।१२।२१	वडा ४		स्टेशनरी	४१७४०	नपा चालु
२६३।०८१।१२।२१	वडा २		मसलन्द तथा कार्यालय समाग्री	७१९९८	नपा चालु
४२८।८२।३।२	६	विभिन्न स्टेसनरी पसल	कार्यालय सामान तथा मसलन्द	७१०३५	नपा चालु
४३३।८२।३।३	६	आर डी मोवाईल हाउस (कल्याण भक्त पाण्डे)	हिमा स्टार रेफ्रीजेरेटर १	२८५००	नपा चालु
४३३।८२।३।३	६	विभिन्न स्टेसनरी पसल	कार्यालय सामान तथा मसलन्द	१३५००	नपा चालु
४३८।८२।३।५	६ (गाई भैसी सुत्केरी प्रोत्साहन भात्ता वितरण कार्यक्म)	सत्यमं शिवम ईलेक्ट्रोनिकस	डिजिटल काटा १ (२००केजी)	१९५००	नपा चालु
५२७।८२।३।१३	७	जल्पादेवी सप्लायर्स	कार्यालय सामान तथा मसलन्द	२५१८०	नपा चालु
५२८।८२।३।१३	७	जि टी आर एम ट्रेडर्स	वेल्डीग मेशिन १	४९४९४	नपा चालु
५३९।८२।३।१६	सिक्रे स्वा. चौकी	आरु ट्रेडर्स	औषधि जन्य सामाग्री	४२२८८	नपा चालु
५३९।८२।३।१६	सिक्रे स्वा. चौकी	ए के वुक्स एण्ड स्टेशनरी	कार्यालय सामान तथा मसलन्द	१९०४५	नपा चालु
५४०।८२।३१६	सिक्रे स्वा. चौकी	ए के वुक्स एण्ड स्टेशनरी	कार्यालय सामान तथा मसलन्द	७५४०	नपा चालु
५४०।८२।३१६	सिक्रे स्वा. चौकी	भिमदेवी मेडिसिन	औषधि जन्य सामाग्री	२४१४	नपा चालु
५४१।८२।३।१६	८	ए के वुक्स एण्ड स्टेशनरी	कार्यालय सामान तथा मसलन्द	१८१०५	नपा चालु
५६१।८२।३।१७	७	फाईन मल्टि प्रपोज कम्पनी	दराजव१ टेवुल २	६५०००	नपा चालु
५६३।८२।३।१८	क्रियाशिल सहकारी सँस्था		विभिन्न कार्यालय सामान	२९१०००	नपा चालु

६०६।८२।३।२१	३	जय भुवनेश्वरी ईम्पोर्ट एक्सपोर्ट	ल्यापटप १	६९९००	नपा चालु
६१४।८२।३।२२	३	यूनिभर्सल वुक्स एण्ड स्टेशनरी	कार्यालय सामान तथा मसलन्द	१६५४०	नपा चालु
६१४।८२।३।२२	३	गोदावरी ईन्टरप्राईजेज	कार्यालय सामान तथा मसलन्द	१८५७५	नपा चालु
७००।८२।३।२५	दलित कार्यक्रम	गादि स्टोर	प्लास्टिक कुर्सी १००	९९४००	नपा चालु
				१०८५४०९	

१७ कार्यसम्पन्न प्रतिवेदन

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ (११) मा उपभोक्ता समिति वा लाभाग्राही समुदायले निर्माण कार्य सम्पन्न गरेपछी सम्वन्धित सार्वजिक निकायले खटाएको प्राविधिक कर्मचारी वाट त्यस्तोकामको जाचपास गराई तथा कार्य सम्पन्न प्रतिवेदन तयार पारी अभिलेख राख्नु पर्ने व्यवस्था छ । सोहि दफाको उप नियम १२ मा सार्वजनिक निकायले कार्यसम्पन्न भए पछी सो आयोजनाको स्वामित्व उपभोक्ता वा लाभग्राहि समुहलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ ।नपा पुजिगत अन्तरगत निम्न आयोजना संचालन गरेकोमा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको पाईएन नियमानुसार कार्यसम्पन्न प्रतिवेदन तयार पारी आयोजना हस्तान्तरण गर्नुपर्दछ ।

गो भौ मिति	विवरण	खर्च रकम	कैफियत
६०।२०८१।११।२४	वडा ६ मर्मत सुधार	५०६५१	पार्टिसन गरेको
६२।२०८१।१०।२८	वोक्सेदह सत्तरी सिचाई वडा ८ (६६ र् मि पाईप खरिद)	७२७५०	पाईप खन्ने पुर्ने कामको मूल्यांकन नभएको
	जम्मा	१२३४०१	

१८ वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । नमुना परीक्षण गर्दा पालिकाले देहायवमोजिमको अनुत्पादक तथा वितरणकारी कार्यक्रम संचालन अनुदान दिएको छ । पालिकाले यस्तो खर्च नियन्त्रण गर्दा स्थानिय सिर्जना हुने तथा अधिकतम प्रतिफल दिने उत्पादनमुखि कार्यमा वजेट तर्जुमा गर्ने तर्फ ध्यान दिनुपर्दछ । केही उदाहरण

गोश्वारा भौचर	कार्यक्रम	खर्च प्रयोजन	खर्च भुक्तानी रु
२२१।०८१।११।१८	तिज तथा वृद्धा वृद्धी सम्मान कार्यक्रम	दोसल्ला, व्यानर खाजा लगायत खर्च	५००००
३८५।०८२।२।२२	महिला स्वयंसेविका खाजा तथा भ्रमण	पिक्नीक कार्यक्रम संचालन	५००००
३८२।०८२।२।१६	सोनाम ल्होसार कार्यक्रम	नेपाल तामाङ घेदुङ् शिवपुरी १ नं वडा कार्यालय समितिलाई खर्च भुक्तानी	८००००

१९ सोझै खरिद

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२)बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली 2064 को परिच्छेद ५ र ७ वमोजिम रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाले खरिद कानुन वमोजिम कार्यालय समाग्री खरिद तथा छपाई कार्य गर्दा सिलवन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमवाट खरिद गरी सोझै खरिद गर्ने कार्य निरुत्साहित गर्नुपर्दछ ।

गोश्वार भौचर नं	सप्लायर्स	खरिद कार्य	रु
कार्यालय समाग्री खरिद तर्फ			
३७५।०८२।२।०९	एस.एम. ट्रेडर्स एण्ड सप्लायर्स	विभिन्न ७५ आइटमका मसलन्द तथा कार्यालय सामाग्री खरिद	९८६६६५
४१०।०८२।२।२७	एस.बि मल्टी बिजनेस कम्पनी प्रा. ली	विभिन्न ९४ आइटमका मसलन्द तथा कार्यालय सामाग्री खरिद	९८३३४२
छपाई कार्य तर्फ			
३७६।०८२।२।९	एम एस प्रिन्टीङ प्रेस	वार्षिक नीति तथा कार्यक्रम, मेजरमेन्ट वुक तथा घर नक्सा अभिलेखीकरण छपाई कार्य	९८९४२५
६६६।०८२।३।२४	बि एण्ड बि ट्रेडर्स इन्टरनेसनल प्रा ली	शिक्षक डायरी, नेपाली अभ्यास पुष्तिका छपाई कार्य	९८३८७९
५४४।८२।३।१७	वर्ड वाईड अफसेट प्रेस	छपाई तथा मसलन्द	९९२१९६

२० **मोटरबाटो हेरालु पारिश्रमिक**

पालिकाले मोटरबाटो हेरालु सम्वन्धमा कुनै नीति तथा कार्यविधि निर्माण नगरी वडा हरुमा मोटरवाटो हेरालु राखी देहाय व्यक्तीलाइ रु ९११३६१ भुक्तानी दिएको छ । निर्माण कार्यका लागी लेन्थ वर्कर राखेको देखिएकोमा निजहरुले सम्पादन गरेको कामको परिमाण देखिने गरी विवरण/ नापी किताब समेत राखी भुक्तानी गरेको नदेखिएकोले नियमित नदेखिएको रु

गोश्वरा भौचर नं	हेरालुको नाम	कार्यसम्पादन वडा	भुक्तानी रकम
१९३।०८१।१०।२९	आशामाया तामाङ	वडा १	७१८४४
५९७।०८२।३।२०	आशामाया तामाङ	वडा १	१०६९२०
१६५।०८१।१०।१५	चेतनारायण श्रेष्ठ	वडा २	५७८२६
	भक्त नारायण श्रेष्ठ	वडा २	६७८२६
	राजु कुमार थापा	वडा २	६०४५५
	राधा कुमारी श्रेष्ठ	वडा २	६३०६७
	रोजिना श्रेष्ठ	वडा २	५७८२६
२६।०८१।६।१८	विनिता तामाङ्ग	वडा ३	४४४५०
	अम्वर वहादुर तामाङ्ग	वडा ३	४४६८३
	जगत तामाङ्ग	वडा ३	४४६८३
	विरे तामाङ्ग	वडा ३	४४६८३
	मिलन तामाङ्ग	वडा ३	४४६८३
३२६।०८२।१।२२	विनिता तामाङ्ग	वडा ३	८९१००
५२३।०८२।३।१३	जगत तामाङ्ग	वडा ३	१९८००
६२७।०८२।३।२२	नखुलेको	वडा ३	४४०१५
९३।०८१।९।४	दिपक तामाङ्ग	वडा ५	१७६७१
	रामकाजी थापा	वडा ५	१७६७१
	सितारामा वखति	वडा ५	१४१५८
		जम्मा	९११३६१

अनियमित भएको	९,११,३६१

२१ **विद्यालय सहयोगी**

शिक्षा तथा मानव श्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं.१.१.४.१ अन्तर्गत आधारभूत तथा माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयहरुमा १ जना विद्यालय सहयोगीका लागि संघीय सरकारबाट कर्मचारी व्यवस्थापन अनुदान बापत मासिक रु.८००० मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको मासिक न्यूनतम पारिश्रमिक पुर्‍याउने गरी स्थानीय तहले थप गरी विद्यालयलाई निकासा दिने व्यवस्था छ । पालिकाले निम्न सामुदायिक विद्यालयलाई कार्यक्रम कार्यान्वियन पुस्तिकाले तोकेको भन्दा बढी २ जनासम्म विद्यालय सहयोगी कर्मचारी नियुक्त गरी संघीय सरकारबाट प्राप्त अनुदानमा पालिकाले मासिक रु.४००० थप गरी पारिश्रमिक बापत निकासा गरेकोले तोकेको भन्दा बढी विद्यालय सहयोगीलाई चाडपर्व खर्च सहित ७ महिनाको पारिश्रमिक निकासा गरेको नियमसंगत नभएको रू

क्र.स	विद्यालय	राख्नुपर्ने	राखेको	वढी	वढीको चाडपर्व खर्च सहित वार्षिक तलव भत्ता रु
१	श्री जनज्ञान निकेतन मा वि शिवपुरी ८	१	२	१	८४०००
२	जानकी मा वी	१	२	१	८४०००
८	जम्मा				१६८०००

अनियमित भएको	१,६८,०००

२२ **मेडिकल उपकरण खरिद**

२२.१ शिवपुरी आधारभुत अस्पतालको मेडिल उपकरण खरिदका लागी तोकिए वमोजिमका ३६ आइटमको लागत अनुमान रु १,७२,८५,००० मेडिकल उपकरण खरिद गर्नको लागी लाइन्स क्लव इन्टरनेसनल फाउण्डेसन (Lions Clubs International Foundation - LCIF) मिति २०८१ माघ महिना २० गते सम्झौता भई गो.भौ.नं २२३।०८१।११।१८ वाट रु २२,६३,१८८.६० भुक्तानी भएकोमा निम्न पाइयो ।

२२.२ कार्य सम्पन्न पेश गर्नुपर्ने

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **२,२६३,१८८.६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२३ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन पुस्तिका, ०८१।८२ को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५ का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभिन्न ४७ वटा विद्यालयहरुमा जम्मा रु. ४२,५९,५८० निकासा दिएको पाईयो । विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिई सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने तथा दिवा खाजा खुवाएको अनुगमन गरी पालिकाले विद्यालयहरुलाई निकासा दिनुपर्नेमा पालिकाले अनुगमन गरेको पाइएन ।

२४ **उन्नत बिउ अनुदान**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु. २० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । ५० प्रतिशत अनुदानमा उपलब्ध गराउने गरी संघीय सरकार वाट खाद्यान्न बालिको उन्नत विउ उपयोगमा अनुदान कार्यक्रम मा गोश्वार भौचर नं ४६।०८१।१०।२४ जागरुक कृषी सहकारी संस्था लिमिटेड वाट गँहुको विउ (डव्लु के १२०४) ४६८८ प्रतिकेजी रु १०५, गँहुको विउ (धौलागिरी) ४३९४ प्रतिकेजी रु १०५ र गँहुको विउ (गौतम) ४२१८ प्रति केजी रु ९५ का दरले कृषक वाट रु ६,७७,१६० र पालिका वाट ६,७७,१६० गरी जम्मा रु १३,५४,३२० को खरिद कार्य भएको छ । पालिकाले कानून वमोजिम सिलबन्दी दरभाउपत्र वाट खरिद गर्नुपर्नेमा कोटेशन मार्फत खरिद कार्य गरेको नियम समंत नदेखिएन । पालिकाले कानून वमोजिम खरिद कार्य गर्नुपर्दछ ।

२५ **हेभी मेशिनको प्रयोग**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (९) उपभोक्ता समिति बाट सञ्चालन हुने निर्माण कार्यमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको अवस्थामा सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकाय बाट सहमती लिई हेभी मेशिन प्रयोग गर्न सकिने व्यवस्था रहेको छ अन्यथा उपभोक्ता समिति बाट सञ्चालन हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रिव्युटर जस्ता हेभि मेशिनहरु प्रयोग गर्न सकिने छैन भनि व्यवस्था गरेको छ ।नमुना परिक्षण गर्दा उपभोक्ता समितिले हेभि उपकरणको प्रयोगको लागी सम्बन्धित प्राविधिकको सिफारिस नलिई हेभी मेसिनको प्रयोग गरी निर्माण व्यवसायिलाई भुक्तानी दिएको पाईयो ।उपभोक्ता समितिले कार्य गर्ने सम्झौता गरी कार्य सम्पन्न रकम बराबरको निर्माण व्यवसायिको विल राखी भुक्तानी गरेको नियम संमत देखिदैन । पालिकाले उपभोक्ता समितिको कार्यमा निर्माण व्यवसायी मार्फत हुने कार्य नियन्त्रण गरी उपभोक्ताको श्रम बाट निर्माण गराउने तर्फ ध्यान दिनुपर्दछ । केही उदाहरण

गोश्वरा भौचर	कार्य तथा उपभोक्ता समिति	कार्य सम्पन्न रु	प्रयोग भएको मेशिन	कार्य	निर्माण व्यवसायी	निर्माण व्यवसायिले पेश गरेको विल रकम
१३।०८१। ०८।९	वडा नं १ का सडक सफाई तथा मर्मत उ स	५४४९४०	जे सि भी	Earth work excavation, clearing	संजय एण्ड सुप्रिम कन्स्ट्रक्सन प्रा ली	५५०९८८
१९।०८१। ८।१९	दशैं वाटो सरसफाई तथा सुम्धारा पहिरो रोकथाम उ स	५४०३०९	जे सि भी	Earth work excavation, clearing	संजय एण्ड सुप्रिम कन्स्ट्रक्सन प्रा ली	५३२७९५
४०।०८१। ९।२४	दशैं बाट निर्माण तथा मर्मत उ स शिवपुरी ७ सुनखानी	१२४१८८६	जे सि भी	Clearance of land slide	थापा रियलस्टेड एण्ड कन्स्ट्रक्सन कम्पनी प्रा ली	१३५६०००
५३।०८१। १०।१५	पर्व लक्षित बाटो सरसफाई उ स	६६७८५३	जे सि भी	Earth work excavation, clearing	आयन्स विल्डर्स प्रा ली	६८०६३८
४६।०८१। १०।७	सेढाई डाँडा हुँदै अवण्डा नया ट्र्याक उ स	२२३१९५	जे सि भी	Earth work excavation for new road	एन एस हार्डवयेर एण्ड सप्लायर्स प्रा ली	२६३०६४
४२।०८१। ९।२८	चाडपर्व लक्षित सडक बाटो सरसफाइ उ स	३२६२५७	जे सि भी	Earth work excavation, clearing	युनिक निर्माण सेवा	३२४८७५
१३७। ०८२।१। २५	सानो मझुवा कालोभञ्ज्याङ दुप्चेश्वर खतिवडा टोल बाटो मर्मत संचालन	३२५७९५	डिजेल एक्साभेटर	Earth work excavation, clearing	रेड वान विल्डर्स प्रा ली	३७७२००
७९। २०८१। ११।२१	सिमखेत सिचाई कुलो उ स वाडा ३	१९०५८१			रेड वन विल्डर्स	१०९३४८
९०। २०८१। १२।७	डाडा कटेरी तारकेपानी सडक सुधार उ स वाडा ८	१९११०९			यूनिक निर्माण सेवा	४६७८२
१०४। २०८१। १२।२२	विग्रेको सडक मरमत तथा साफाई उ स वडा ४	३२५४८७			यूनिक निर्माण सेवा	२४४३०६
१०६। २०८१। १२।२२	अमर स्कुल ढल निर्माण उस वडा ८	१४५५००			आजिवन हितकर सप्लायर्स	१६९५०
१०७। २०८१। १२।२२	राम्चे भूमे मन्दिन जाने वाटो वडा ५	१९१२०२			घिमिरे ज्वालामुखि निर्माण सेवा	२१७७७६

२६ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना परीक्षण गर्दा पालिकाले देहाय वमोजिमका चालु प्रकृतिका खर्चलाई पुँजीगत शिर्षक वाट निकाशा

दिएको पाइयो । पालिकाले यस्तो कार्यलाई नियन्त्रण गरी पुँजिगत शिर्षक वाट पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि जस्ता योजना समेटी खर्च निकाशा दिनुपर्दछ ।

गोश्वरा भौचर	खर्च शिर्षक	खर्चको प्रकृती तथा भुक्तानीको प्रयोजन	खर्च तथा भुक्तानी रु
२।०८१।६।१६	सिक्रे स्वास्थ्य चौकी सामाग्री व्यवस्थापन	कार्यालय सामाग्री	१४७०००
१४।०८१।८।१६	पाटी भञ्ज्याङ प्रहरी चौकी व्यवस्थापन	कार्यालय तथा विविध सामाग्री खरिद	३००००
१५।०८१।८।१८	ल्याव सेवा सुदृढीकरण	औषधि खरिद	३४९१०७
५५।०८१।१०।१५	स्वास्थ्य चौकी व्यवस्थापन	कार्यालय सामाग्री	९९९९०
५२।०८१।१०।१४	व्यापार तथा पर्यटन मेला	चिया खाजा लगायत विविध खर्च	५००००
१४६।०८२।१।३०	शिवपुरी आधारभुत अस्पताल तथा खानेपानी तथा फोहोरमैला व्यवस्थापन	खाजा यातायात खर्च लगायत विविध खर्च	७१८००
१४५।०८२।१।३०	ल्याव सुदृढीकरण	अनुगमन तथा यातायात खर्च	११६४००

२७ **किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना**

२७.१ कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु ३,५७,१४,२८६ को लागत साझेदारीमा मिति २०८३ फागुन ३० सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०८१ असार ३१ मा सम्झौता भएको छ । कुल लागत मध्ये ७० प्रतिशतले हुने रकम रु २, ५०,००,००० पालिकाले र बाँकी हुने रकम रु १,०७,१४,२८६ हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८१।८२ मा रु. ४७,५७,०६७ भुक्तानी भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन् :

२७.२ पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि कृषि र पशु विकास कार्यक्रम मा तीन वर्षको लागि सम्झौता गरेको मध्ये पालिकाबाट गर्ने खर्च मध्ये यस वर्ष अनुगमन र मुल्याङ्कनमा रु. १४९६३५ हेफरलाई किस्तामा उपलब्ध गराएको छ।पालिकामा रहेका स्थाई दरबन्दी भित्रको कृषि शाखाबाट सम्पादन गर्नुपर्ने नियमित काम उक्त गैरसरकारी संस्थालाई भुक्तानी गर्ने गरी सम्झौता गरेर रू १४९६३५ भुक्तानी गरी व्ययभार बढाएको देखिएको नियम सम्मत नभएको रु

अनियमित भएको	१,४९,६३५

२७.३ पेश्की : सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२क मा सर्वजनिक निकायले खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २० प्रतिशत नवढाइ पेश्की दिन सकिने व्यवस्था छ । पालिकाले हेफर प्रोजेक्ट नेपाललाई जमानत विना यस आर्थिक वर्ष २०८१।०८२ मा रु ३५,००,००० पेश्की उपलब्ध गराएको कार्य यम सम्मत भएन ।

गोश्वरा भौचर	पेश्की रकम
११।०८१।०८।०५	२०,००,०००
१५४।०८२।२।९	१५,००,०००
जम्मा	३५०००००।००

२८ **शैक्षिक गुणस्तरको मापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायीक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्वियन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने ब्यवस्था छ ।पालिकाले आ. व. २०८१।८२ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन ।पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२९ **ईमिसको सत्यापन तथा अभिलेख**

कार्यक्रम कार्यान्वियन पुस्तिका (आ.व.२०८१।०८२) को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम कार्यान्वियन गर्दा, प्रति विद्यार्थी लागत अनुदान अन्तरगत वुक कर्नर संचालनका लागि अनुदान निकाशा गर्दा , प्रति विद्यार्थी ४०० का दरले दलित छात्र छात्रवृति तथा छात्रा छत्रवृत्ति निकासा गर्नुपर्दा, पुस्तक खरिदमा अनुदान निकाशा गर्दा इमिसमा अध्यावधिक तथ्याङ्गलाई सत्यापन गरि दिनुपर्ने व्यवस्था छ ।पालिकाको शिक्षा शाखाले यस वर्ष ईमिस तथ्याङ्कलाई सत्यापन गरी अभिलेख राखेको पाईएन ।

३० **विद्यालयगत निकाशा खाता**

विद्यालयगत निकासा खाताः कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१ को क्रियाकलाप २.७.१३.१० मा विद्यालय संचालन तथा व्यवस्थापन अनुदान सम्वन्धमा विभिन्न उप क्रियाकलाप तथा कार्यान्वियन प्रकृयामा उल्लेख भए अनुसारको अनुदान उपलव्ध गराउदा विद्यालयगत निकाशाखाता राखि अभिलेख व्यवस्थित गर्नु पर्दछ ।पालिकाले कुन विद्यालयलाई कुन विषयको कति निकासा दिएको हो विद्यालयगत रुपमा निकासाको अभिलेख खाता राखेको देखिएन । यसबाट विद्यालयलाई दोहोरो निकासा हुने जोखिम रहन्छ । अतः विद्यालयगत निकासा खाता राखी दोहोरो निकासाको जोखिम नियन्त्रण गरिनु पर्दछ ।

३१ **सेनिटरी प्याडको वितरण अभिलेख**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ मा स्थानीय तहले सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राहरूलाई १० महिनाको लागि निःशुल्क सेनिटरी प्याड खरिद गर्दा गत विगतको मौज्दातको अवस्था एकिन गरी आवश्यक मात्र नियमानुसार खरिद गरी वितरण गर्ने र सेनिटरी प्याड खरिद गरी रकम बचत भएमा विद्यालयमा Disposal Machine नभएमा एक पटकका लागि मात्र खरिद गरी वितरण गर्न सक्ने उल्लेख छ । पालिकाले ६-१२ का छात्रको लागी सेनेटरी प्याड प्रयोजनको लागी Disposal Machine १७ थान र २४५० थान सेनिटरी प्याड गो.भौ.नं १०३।२०८२।३।४ वाट रु. ९३७६७४ मा खरिद गरी १७ विद्यालयलाइ Disposal Machine बितरण गरेकोमा २४५० प्याड रु. २६८०३९।८० मा खरिद गरी कार्यलयमा मौज्दात रहेकोमा विद्यालयलाइ वितरण गरेको भर्पाइ विद्यालयबाट हुने सेनिटरी प्याडको वितरणको अनुगमन गरेको पाइएन। विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

३२ **वितरण भरपाइ**

-

(✂ ..... कार्यालयले बेरुजु फस्योँट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **१००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३३ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

राज्यको सक्रिय श्रमशक्तिलाई निर्वाह भत्ता दिनु भन्दा रोजगारीमा संलग्न गराई ज्याला भुक्तानी गर्ने विधि अन्तर्राष्ट्रिय प्रचलनमा रहेको सन्दर्भमा रोजगारीको हकसम्बन्धी ऐन, २०७५ बमोजिम एक सय दिनको रोजगारी नपाएका वा एक सय दिन बराबरको आम्दानी गर्न नसकेका १८ देखि ५९ वर्ष उमेर समूहका नागरिकलाई एक सय दिनको रोजगारी प्रदान गर्ने उद्देश्यका साथ विश्व वैकंको सहुलियतपुर्ण ऋण सहयोगमामा प्रधानमन्त्री रोजगार कार्यक्रम पालिका मार्फत कार्यान्वयनमा रहेको छ। पालिकाले सिचाइ कुलो मर्मत र सरसफाई, पदमार्ग निर्माण ,खानेपानि मर्मत, मन्दिर निर्माण.सोलिङको कार्य जस्ता कार्यक्रम सञ्चालनमा खर्च गरी रोजगार लगाएको थप अध्यायन गरी दिर्घकालिन तथा पुँजी निर्माण हुने योजनामा कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

कार्यक्रम	सुचिकृत रोजगार संख्या	रोजगार संख्या	न्युनतम रोजगारी अवधि	आयोजनाको कार्यक्षेत्र	आयोजनाको संख्या	कुल ज्याला भुक्तानी
रोजगारी प्रदान	२६३	४५	७७.२४	सिचाइ कुलो मर्मत र सरसफाई, पदमार्ग निर्माण ,खानेपानि मर्मत, मन्दिर निर्माण.सोलिङको कार्य	१४	३७४०७२३

३४ **राजस्व व्यवस्थापन**

३४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आन्तरिक आयको अन्य श्रोतको खोजी गरी आन्तरिक आय वृद्धी गर्नुपर्दछ । पालिकाको ३ आर्थिक वर्षको आन्तरिक आय देहायवमोजिम रहेको छ ।

आर्थिक वर्ष २०७९।०८० को असुली	आर्थिक वर्ष २०८०।०८१ को असुली	आर्थिक वर्ष २०८१।०८२ को असुली
६९४३९२४	११०५६७५६	१४४२२२८२

३४.२

राजश्व दाखिला- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६को २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट सम्म बैङ्क दाखिला गर्नुपर्ने ब्यवस्था छ।तोकिएको समय भन्दा १० दिन ढीलो गरी दाखिला गरेमा दाखिला गर्न बाकी रकम र सो रकमको १०प्रतिशतले जरिवाना र सो भन्दा पनि ढिला गरेको भएमा १०प्रतिशत जरिवाना र कसुरको मात्रा अनुसार प्रचलित कानुन अनुसार विभागिय कारवाही समेत गर्न गराउन सक्ने ब्यवस्था छ।तर गाउँपालिकाले नगदी रसिद बाट उठेको राजश्व समयमा दाखिला गरेको नदेखिएकोले समयमै दाखिला गर्ने तर्फ ध्यान दिनु पर्छ। साथै ऐनमा भएको ब्यवस्था अनुसार तोकिएको अबधि भित्र दाखिला नगर्ने कर्मचारी जिम्मेवार वनाइनु पर्दछ।

३४.३ **सामुदायिक वनको आय** –स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (ख) बमोजिम सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धमा वार्षिक कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने र वार्षिक कार्ययोजना बमोजिमको वन पैदावारको विक्री वापतको प्राप्त हुने रकमको दश प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार रकम दाखिला गरेको देखिएन।

३५ **सामाजिक सुरक्षा तर्फ**

३५.१ सामाजिक सुरक्षा ऐन २०७५ बमोजिम जेष्ठ नागरिक ,आर्थिक रुपले बिपन्न ,अशक्त खतथा असहाय अबस्थामा रहेका ब्यक्ती , असहाय एकल महिला ,अपाङ्गता भएका ,बालबालिका ,आफ्नो हेरचाहा आफै गर्न नसक्ने लोपोन्मुख जातीलाइ सामाजिक सुरक्षा भता पाउने अधिकार हुने ब्यबस्था अन्तर्गत यस पालिकाले सामाजिक सुरक्षा भता बितरण कार्यविधि २०७७ वमोजिम सामाजिक सुरक्षा भत्ता

पाउने लाभग्राहीको नाम दर्ता र नवीकरण ,लगतकट्टा तोकिएको मिति भित्रै परिचय पत्र अनिवार्य रुपमा नवीकरण गरि प्रथम ,द्वितिय ,तृतिय चौथो किस्ता गरि जम्मा रु ११८२७५०७०।०० बैकिङ प्रणाली मार्फत वितरण गरेको देखिएको छ।

३५.२ **अनुगमन तथा निरीक्षण** _ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिममन्त्रालय, बिभाग, प्रदेश मन्त्रालय तथा पालिकाका अध्यक्ष वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको सुचक समेत वनाई निरीक्षण तथा अनुगमन गर्नुपर्ने ब्यबस्था छ।सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुविधा लिने ब्यक्तिले सामाजिक सुरक्षा भत्ता लिए नलिएको र मृत्यु भएका व्यक्तिको विवरण सम्वन्धमा अनुगमन गरी प्रतिबेदन गर्नुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : शिवपुरी गाउँपालिका, नुवाकोट , शिवपुरी गाउँपालिका , नुवाकोट

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	वसन्त कार्की	२०७९-४-१०	२०८१-४-३०
कार्यालय प्रमुख	Badrinath Lamsal	२०८१-४-३१	हाल सम्म कार्यरत
लेखा प्रमुख	Ghanshyam Belbase	२०८०-११-२९	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
०	१,४६३,५८४	२,५१५,७५३.६	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	३,९७९,३३७.६
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	२,३६३,१८८.६
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	१,६१६,१४९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४८९४४१३१.९	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३३६३२१०४१.०२	चालु खर्च	३४६८३४०७९
प्रदेश सरकारबाट अनुदान	७५२२४०००	पूँजीगत खर्च	१२९६८५२५०
राजश्व बाँडफाँट	९७२०५४९२.४९	वित्तीय/अन्य व्यवस्था	१८५३४४४११.४३
आन्तरिक आय	१४९९२२८२.१		
अन्य आय	१३६९७७२६६		
कुल आय	६६०७२००८१.६१	कुल खर्च	६६१८६३७४०.४३
बाँकी मौज्दात		४७८००४७३.०८	

अनुसूची - २

बेरूजु दफा २.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्तिर भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गतआ.ब. को कारोबार		
			नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रोपक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		९,६७,५६,९४१.३५	०	९,६७,५६,९४१.३५	८,५५,६६,८५३.२८	०	८,५५,६६,८५३.२८
१३०००	अनुदान		३६,०८,६७,३५२.१३	०	३६,०८,६७,३५२.१३	३७,०५,११,६६७.३८	०	३७,०५,११,६६७.३८
१४०००	अन्यराजस्व		१,५३,२३,३८०.०९	०	१,५३,२३,३८०.०९	७१,३३,१४८.९१	०	७१,३३,१४८.९१
१५०००	विविधप्राप्ति		१,१७,४५३.१५	०	१,१७,४५३.१५	९५,०७५.००	०	९५,०७५.००
क	**कुलजम्मा प्राप्ति**		४७,३०,६५,१२६.७२		४७,३०,६५,१२६.७२	४६,३३,०६,७४४.५७		४६,३३,०६,७४४.५७
३	चालु		३४,६८,३४,०७८.५९	०	३४,६८,३४,०७८.५९	३६,५८,५५,३१३.१५	०	३६,५८,५५,३१३.१५
२१०००	पारिश्रमिक / सुविधा		२,३३,१२,९१३.२५	०	२,३३,१२,९१३.२५	२३,५३,२१,२५९.८९	०	२३,५३,२१,२५९.८९
२२०००	मालसामानतथा सेवाको उपयोग		९,३८,७४,४०२.४५	०	९,३८,७४,४०२.४५	८,३०,६७,१६५.९२	०	८,३०,६७,१६५.९२
२५०००	सहायता (Subsidy)		२३,६३,१८८.६०	०	२३,६३,१८८.६०	४८,९०,४९७.००	०	४८,९०,४९७.००
२६०००	अनुदान		२२,३७,४२,९१४.२९	०	२२,३७,४२,९१४.२९	३,९१,७७,६९९.३४	०	३,९१,७७,६९९.३४
२७०००	सामाजिकसुरक्षा		२५,८२,३६०.००	०	२५,८२,३६०.००	२६,९६,२९१.००	०	२६,९६,२९१.००
२८०००	अन्यखर्च		९,५८,३००.००	०	९,५८,३००.००	७,०२,४००.००	०	७,०२,४००.००
४	पूंजीगत		१२,९६,८५,२५०.००	०	१२,९६,८५,२५०.००	१२,९५,६६,१३६.४३	०	१२,९५,६६,१३६.४३
३१११०	भवनतथा संरचना		८,१४,५७६.००	०	८,१४,५७६.००	१,२६,१००.००	०	१,२६,१००.००
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		१५,४१,७२५.५०	०	१५,४१,७२५.५०	४९,६९,५८९.००	०	४९,६९,५८९.००
३११३०	अन्यपूँजीगत खर्च		८,११,४०५.००	०	८,११,४०५.००	८,९८,४७८.००	०	८,९८,४७८.००
३११५०	सार्वजनिकनिर्माण		१२,०४,०१,२००.५०	०	१२,०४,०१,२००.५०	१२,१४,३७,५५२.४३	०	१२,१४,३७,५५२.४३
३११६०	निर्मितसरचनाकोसुधार		८,८६,३७६.००	०	८,८६,३७६.००	९,५०,०००.००	०	९,५०,०००.००

	खर्च							
३११७०	पूँजीगतसुधार खर्च		५२,२९,९६७.००	०	५२,२९,९६७.००	११,८४,४१७.००	०	११,८४,४१७.००
ख)	**कुलजम्मा भुक्तानी**		४७,६५,१९,३२८.५९		४७,६५,१९,३२८.५९	४९,५४,२१,४४९.५८		४९,५४,२१,४४९.५८
ग)	**बचत /कमी (ग = क-ख)**		(३४,५४,२०१.८७)		(३४,५४,२०१.८७)	(३,२१,१४,७०५.०१)		(३,२१,१४,७०५.०१)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**		२०,००,१००.०३		२०,००,१००.०३	७,६४,५६१.३१		७,६४,५६१.३१
ङ)	**यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		(१४,५४,१०१.८४)		(१४,५४,१०१.८४)	(३,१३,५०,१४३.७०)		(३,१३,५०,१४३.७०)
च)	**गतआ.व.को नगद तथा बैंक मौज्दात**		४,९२,५४,५७४.९२		४,९२,५४,५७४.९२	८,०३,६४,२१४.३९		८,०३,६४,२१४.३९
ज)	**आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		४,७८,००,४७३.०८		४,७८,००,४७३.०८	४,९०,१४,०७०.६९		४,९०,१

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुन्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।